# लमहीले सुरू गऱ्यो 'क्युआर कोड' मार्फत राजस्व संकलन

शिवु खनाल
दाङ, ८ चैत

सरकारले तीव्र रूपमा विस्तार गरेको सूचना प्रविधिको विकास र विस्तारसँगै स्थानीय तह क्रमिक रूपमा प्रविधिमैत्री बन्दै गएका छन् । इन्टरनेटको पहुँच र विस्तार बढ्दै गएपछि स्थानीय तहहरू सूचना प्रविधिमैत्री बन्दै गएका हुन् । लमही नगरपालिकाले राजस्व संकलनका लागि अत्याधुनिक सूचना प्रणालीको उपयोग गर्न सुरुवात गरेको छ । यसका लागि पालिकाले 'क्युआर कोड'मार्फत पनि राजस्व संकलन प्रारम्भ गरेको छ ।




यससँगै नगरपालिका तथा वडाका राजस्वसम्बन्धी सम्पूर्ण सेवा डिजिटल वालेट, कनेक्ट आइपिएस लगायतका अनलाइन सेवामार्फत एकैपटक सुरु गरेको हो । यसपश्चात् नगरवासीले सम्पूर्ण सेवा अनलाइनमार्फत घरमै बसी उपभोग गर्न सक्दछन् । नगरपालिकामा प्रविधियुक्त सुशासन कायम गर्न यस किसिमको अनलाइन सेवाले अहम् भूमिका हुने लमही नगरपालिका नगरप्रमुख जोगराज चौधरीले बताए । उनका अनुसार 'उत्पादन रोजगार र बजारीकरण : प्रविधियुक्त सुशासन' भन्ने नारालाई लमही नगरपालिकाले प्राथमिकता दिएको छ ।

'लमही नगरपालिकामा क्युआर कोड सेवा सुरु भएको छ । स्थानीय तहको राजस्व व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी, प्रविधिमैत्री तथा प्रभावकारी बनाउन डिजिटल भुक्तानीलाई बढावा दिने उद्देश्यले क्युआर कोड सेवा सुरु गरिएको हो ।' उनले भने ।

योसँगै अब लमही नगरपालिका र वडा कार्यालयहरूमा जाने जुनसुकै स्थानीय सेवाग्राहीले क्युआर कोडमार्फत नगदरहित भुक्तानी गर्न सक्नेछन् । सांग्रिला सफ्टवयरको प्राविधिक सहयोगमा लमही नगरपालिका र सम्पूर्ण वडाहरूबाट राजस्व संकल गर्दै आएको नगरपालिकाले माहालेखा नियन्त्रण कार्यालय काठमाडौँले उपलब्ध गराएको सूत्र सफ्टवेयरअन्तर्गत रहेको राजस्व मोड्युललाई पूर्ण रूपमा सञ्चालन गरेको लमही नगरपालिका आइटी अफिसर नरेन्द्र गुप्ताले जानकारी दिए ।

नगरपालिकाको कार्यालय र वडा कार्यालयमा रकम भुक्तानी गर्दा भुक्तानी गर्नुपर्नेमा रकमअनुसार प्राप्त हुने छुट्टाछुट्टै कारोबार संकेत नम्बरको क्युआर कोडमा सोझै रकम भुक्तानी गर्नका लागि लमही नगरपालिकाको कार्यालयले आग्रह गरेको छ ।

राजस्व संकलनलाई 'फेसलेस' र 'क्यासलेस' बनाउने नगरपालिकाको नीतिअनुरूप कार्यालयले आइतबारदेखि क्युआर कोडमार्फत राजस्वको भुक्तानी गर्न सकिने व्यवस्था मिलाएको जनाएको छ । आइटी प्रमुख गुप्ताका अनुसार नगरपालिका कार्यालयको अर्न्तगत राजस्व प्रशासन शाखा, घरनक्सा शाखा र वडा कार्यालयहरूमा बुझाउनु पर्ने कर, शुल्क तथा दस्तुरहरू क्युआर कोडमार्फत भुक्तानी गर्न सकिनेछ ।

# मतपरिणाम इतिहासकै गम्भीर र अवाञ्छित : सिंह




श्यामलाल पोखरेल
बुटवल, ८ चैत

नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहले अहिलेको चुनावको मतपरिणाम राजनीतिक इतिहासकै सबैभन्दा गम्भीर र अवाञ्छित परिणाम भएको बताएका छन् । नेता सिंहले अमेरिकी साम्राज्यवादको डिजाइन र योजनामा आएको मतपरिणाम भएको बताउँदै यो परिणाम देश र जनताको पक्षमा नभएको दाबी गरेका छन् ।

जनताले अमेरिकी साम्राज्यवादको खेल बुझ्न नसक्दा दलहरूले हार व्योहोर्नु परेको बताउँदै अमेरिकी डिजाइन जनताले बुझ्न नसक्दा यस्तो परिणाम आएको उल्लेख गरे । नेपालका वरिष्ठ कम्युनिष्ट नेता सिंहले अहिलेको चुनावको परिणामलाई जनमत भन्न नमल्ने तर्क गर्दै प्रतिनिधिसभा निर्वाचन नेपालको आवश्यकताअनुसार नभएर अमेरिकी रणनीतिअनुसार भएको दाबी गरे ।

नेकपा मसाल केन्द्रीय कार्यालयले आइतबार बुटवलमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महामन्त्री सिंहले वर्तमान राजनीतिक अवस्थाले देशलाई गम्भीर मोडमा पुऱ्याएको बताए । उनले अब बन्ने नयाँ सरकार पनि अमेरिकाको डिजाइनमा बन्ने दाबी गर्दै भने, 'संसद् विघटनदेखि निर्वाचन सम्पन्न गर्दासम्मको सबै प्रक्रियाहरू योजनाबद्ध भए ।'

महामन्त्री सिंहले गत भदौ २३ र २४ गते भएको आन्दोलनलाई मूलतः भ्रष्टाचार, सामाजिक अन्याय र विसंगतिविरुद्धको जनअसन्तोषको अभिव्यक्ति भएको बताउँदै युवाहरूको स्वतःस्फूर्त सहभागिता रहेको जेनजी आन्दोलनलाई गैरजेनजी तत्वहरूले 'हाइज्याक' गरेर अमेरिकी साम्राज्यवादको सेवामा प्रयोग गरिएको दाबी गरेका छन् ।

'जेनजी पुस्ताले उठाएका मागहरू ठिक भए पनि सही प्रकारको नेतृत्व नहुँदा र राजनीतिक विचारविहीन आन्दोलन भएकाले अरूले फाइदा लिएर विध्वंस मच्चाए', उनले भने, 'भदौ २३ र २४ गते भएका हिंसात्मक घटनाबारे सरकारले गठन गरेको छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गरेको छैन्, यो आपत्तिजनक छ, यसमा षडयन्त्र छ ।'

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले निर्वाचनपछि नेपालको अस्तित्वमाथि प्रश्न चिन्ह खडा भएको बताए । उनले संसद्, सिंहदरबार, सर्वोच्च अदालत, दलका कार्यालयहरू र अन्य थुप्रै भौतिक संरचना जलाउनेहरूको बोलाबोल बढेको बताउँदै यस्ता गलत काम गर्नेहरूको हातबाट देशलाई जोगाउनु पर्नेमा जोड दिए ।

एमसीसी पास गरेर अमेरिकालाई सहयोग गरेका काँग्रेस, एमाले र माओवादीहरूले एसपीपी पास गर्न नमानेकाले अमेरिकाको डिजाइनमा जेनजी आन्दोलन भड्काइएको उनको भनाइ थियो ।

चुनावमा जनता झुक्किए पनि जनताले ठिक बेठिक छुट्टाउने बताउँदै उनले अब बन्ने नयाँ सरकारले देशलाई निकास दिन नसक्ने बताए । चुनावको हारजितमा आफ्नो पार्टीले विश्वास नगर्ने भन्दै उनले भने, 'हामीले देशको हितमा जनताका मुद्दा उठाउँदै आएका छौँ । संघीयता खारेज गर्न र राष्ट्रियताको पक्षमा निरन्तर जनताका साथमा रहेने नै छौँ ।'

# वर्षाले नौ करोड बराबरको काँचो इँटामा क्षति



मिसन संवाददाता
नेपालगन्ज, ८ चैत

दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो इँटामा क्षति पुगेको छ । ईंटा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो इँटा वर्षाले नष्ट भएपछि व्यवसायीलाई रु आठ करोड ७५ लाख बराबरको क्षति भएको इँटा उद्योग व्यवसायी संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पिबिसी इँटा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिए ।

उनले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इँटा नष्ट भएको उल्लेख गरे । व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा इँटा उद्योगमा तीन करोड ५० लाख काँचो इँटा नष्ट भएकाले रु आठ करोड ७५ लाख बराबरको क्षति भएको बताए ।

एउटा काँचो इँटाको मूल्य रु २.५० पैसा पर्ने अधिकारीले बताए ।

व्यवसायीका अनुसार खुलाचौरमा भर्खरै तयार पारेर सुक्नका लागि राखिएका अधिकांश इँटा पानीले भिजेर माटोमा परिणत भएका छन् ।

कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले यहाँका व्यवसायीले ठूलो क्षति बेहोर्नु परेको बाँकेका व्यवसायीहरूको भनाइ छ ।

इँटा उद्योग व्यवसायी संघ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नु परेको बताए । उनले सरकारले काँचो इँटाको बीमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा व्यवसायीलाई ठूलो मर्का परेको उल्लेख गरे ।

# नेपाल र हङकङबीचको खेल स्थगित

मिसन संवाददाता
काठमाडौँ, ८ चैत

नेपाल र हङकङबीच चैत १२ गते दशरथ रंगशालामा हुने भनिएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल स्थगित भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले आइतबार राष्ट्रिय खेलकुद परिषद (राखेप)ले दशरथ रंगशालाको प्रयोगमा अनुमति नदिएको भन्दै खेल स्थगित भएको जनाकारी दिएको हो ।



'राष्ट्रिय खेलकुद परिषद् (राखेप)सँग एन्फाले मिति २०८२ फागुन १० गते चलानी नं ९११/०८२/०८३ (राखेप दर्ता नं ३५५९)को पत्रमार्फत मैत्रीपूर्ण खेलको सञ्चालनको लागि रंगशाला र त्यसको खेलमैदानको लागि स्वीकृति मागेको थियो । मिति २०८२ चैत ३ गते पुन चलानी नं ९८२/०८२/०८३ (राखेप दर्ता नं ३७९५)को पत्रमार्फत रंगशालाको फ्लडलाइट, स्कोर बोड र अन्य पूर्वाधारहरू खेलको लागि उपलब्ध गराइदिन पत्र पठाएको थियो,' एन्फाको भनाइ छ ।

'तर एन्फाको खेलमैदान तथा रंगशाला उपलब्ध गराइदिन गरेको आग्रह र खेल संचालनको स्वीकृति राखेपले नदिएकोले सो खेल स्थगित गरिएको जानकारी गराउदछौं ।' खेलका लागि मुख्य प्रशिक्षक गुग्लिएल्मो एरेनाले ४६ खेलाडीको प्रारम्भिक टोली घोषणा गरेर तयारी थालेका थिए ।

नेपालले एक वर्षमा दोस्रो पटक हङकङसँग खेल्न लागेको थियो । यसअघि हङकङमा गत जुनमा भएको खेल गोलरहित बराबरीमा सकिएको थियो । एएफसी एसियन कपको तेस्रो चरणको छनोटमा नेपालले आफ्नो अन्तिम खेल खेल्न बाँकी छ । यसअघि पाँच खेलमा लगातार पराजित भइसकेको नेपाल बाहिरिसकेको छ । नेपालले अन्तिम खेलमा लाओससँग खेल्ने तय छ । चैत १७ गते हुने खेल होम म्याच भए पनि नेपालमा खेल हुनेछैन ।


**कटारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कटारी, उदयपुर**

**कोशी प्रदेश, नेपाल**

**आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८२/१२/०९**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/१०/२७ गतेको सूचना अनुसार तपसिलका खरिद कार्यहरू सम्बन्धी बोलपत्रहरू आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएका बोलपत्रदाताहरू न्यून्तम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**छनोट भएका बोलपत्रदाताहरूको विवरण:-**

| सि.नं. | बोलपत्र नं. | कार्यहरुको विवरण | छनोट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Goods/22/2082-083 | Procurement and assemble of Chaff-cutter machine. | Kuber and Sons Trade Pvt.Ltd. Itahari Sub-Metropolitan-09, Sunsari. | 12,63,627.00 |
| 2. | KMUN/NCB/ Goods/23/2082-083 | Procurement of Jamunapari cross(50%) Buck. | Simalthali Agro Pvt.Ltd. Hetauda Sub-Metropolitan-03,Simalthali, Makwanpur. | 30,33,294.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



**Rampur Municipality**

**Office of the Municipal Executive**

**Rampur, Palpa**

**Invitation for Bids**

**Date of Publication: 2082-12-09(2026-03-23)**

1. Rampur Municipality invites electronic bids from eligible bidders for the procurement of below mentioned Works.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the www.bolpatra.gov.np/egp.
3. The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing. | Last date & time of Bid document Submission. | Bid Opening date & time | Estimated Amount, NRs. (Including VAT ) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO / GOODS /NCB / 50/082/083 | Supply & Delivery of portable fully automatic non-mydriatic camera with primter and Hydraulic OT Table for Kaligandaki eye Hospital Rampur. Palpa. | 2083/01/09 2026/04/22 12:00 hrs. | 2083/01/09 12:00 hrs. | 2083/01/09 14:00 hrs. | 19,44,645.25 | 49,000.00 | 3000.00 |
| RMO / GOODS /NCB / 51/082/083 | Supply & Delivery of 25 KVA alternator, 3Ph, 0.8P.F. Generator, 75" Android 14 octa core Smart TV and 1.5 Ton Inverter AC with wifi Control for Kaligandaki eye Hospital Rampur. | 2083/01/09 2026/04/22 12:00 hrs. | 2083/01/09 12:00 hrs. | 2083/01/09 14:00 hrs. | 10,45,000.00 | 27,000.00 | 3000.00 |
| RMO / GOODS /NCB / 52/082/083 | Supply & Delivery of Medical Equipments for Improvement of Rampur Aayurbed Hospital Palpa. | 2083/01/09 2026/04/22 12:00 hrs. | 2083/01/09 12:00 hrs. | 2083/01/09 14:00 hrs. | 74,78,538.03 | 1,87,000.00 | 3000.00 |

4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Office**